# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः३२ मितिः २०८१।०१।२०


## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

### इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।१९

प्रमाणीकरण मितिः २०८१।०१।२० गते

# इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावनाः** इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वान्छनिय भएकोले,

इनरुवा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधी, २०८१ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **इनरुवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा संशोधनः**

इनरुवा नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम प्रारम्भिक योग्यताक्रम सूचि प्रकाशन गर्नको लागि पेश भएका आवेदनको मूल्यांकन देहायको आधारमा गरिनेछ । प्रारम्भिक योग्यताक्रम सूचि तयारीको लागि निम्नानुसारको ३० पुर्णाङ्क कायम गरी कम्तिमा २० अंक प्राप्त गर्ने आवेदनकर्तालाई मात्र उक्त सूचिमा समावेश गरिनेछ ।"

| क्र.स. | सूचक | पुर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १५ |
| १.१ | तोकिएको न्युनतम शैक्षिक योग्यता भएको | १४ |
| १.२ | न्युनतम भन्दा माथिल्लो शैक्षिक योग्यता भएको | १५ |
| २ | उम्मेदवारको स्थायी ठेगाना सम्बन्धि | १५ |
| २.१ | स्थायी ठेगाना इनरुवा नगरपालिका भएमा | १५ |
| २.२ | स्थायी ठेगाना सुनसरी जिल्ला भएमा | ५ |
| २.३ | स्थायी ठेगाना अन्य भएमा | २ |

**आज्ञाले,**
**डिल्लीराज निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**